# १ सारांश

सशस्त्र हिंसाले व्यक्ति, परिवार र समाजलाई मानवीय तथा आर्थिक भार पार्दछ । प्रतिवर्ष हिंसा तथा साना-ठूला अपराधले सात लाख ४० हजारभन्दा बढी मानिसको मृत्यु भैरहेको छ । यसमध्ये चार लाख ९० हजार मानिसले युद्धक्षेत्रभन्दा बाहिर रहेकै अवस्थामा पनि ज्यान गुमाइरहेका छन् । यस तथ्याङ्क अनुसार अधिकांशतः युद्ध सशस्त्र हिंसाको एउटा रुप हो । तर सबैजसो क्षेत्रमा यो उत्तिकै प्रभावकारी छैन ।

सशस्त्र हिंसाले सबै मानिसलाई प्रभाव पारे पनि यसले निश्चित उमेर समूह र क्षेत्रलाई बढी असर गर्दछ । विश्वव्यापी रूपमा १५ देखि ४४ वर्ष उमेर समूहका मानिसको मृत्युको प्रमुख कारणमध्ये सशस्त्र हिंसा चौथो नम्बरमा पर्दछ । विश्वका ४० भन्दा बढी देशमा मृत्युका कारणमध्ये सशस्त्र हिंसा १० नम्बरमा पर्दछ । दक्षिण अमेरिका र अफ्रिकी मुलुकमा मृत्युका प्रमुख कारणमध्ये सशस्त्र हिंसा क्रमशः सातौं र नवौं स्थानमा आउँछ ।[1] सशस्त्र हिंसाले निश्चित उमेर समूहका मानिस (विशेषगरी युवा पुरुष) र निश्चित भौगोलिक क्षेत्रलाई असर पार्दछ । सशस्त्र हिंसा प्रत्यक्ष देखिने युद्धभन्दा भिन्न स्वरुपमा प्रकट हुन्छ, सशस्त्र हिंसाको पूर्ण स्वरुप अदृश्य हुन सक्छ यदि त्यसलाई गहन रुपमा हेरिएन भने देखिदैन ।

सशस्त्र हिंसाले मानिसको मृत्यु त गराउँछ नै साथमा समाज र राष्ट्रलाई सामाजिक तथा आर्थिक भार पनि बोकाउँछ । यसका कारण प्रतिवर्ष स्थायी रूपमा कयौं मानिस शारीरिक र मानसिक रूपमा पीडित भएका छन् ।[2] विश्व स्वास्थ्य संगठनको २०६५ सालको तथ्याङ्क अनुसार सशस्त्र हिंसाले शारीरिक तथा मानसिक अपाङ्गता, भित्री अंगमा असर, पीडा, चोट, यौनजन्य तथा प्रजनन समस्या सिर्जना गर्दछ ।

सशस्त्र हिंसाले सामाजिक सन्तुलन बिगार्ने, त्रास पैदा गर्ने, भाइचाराको भावना कमजोर बनाउँने र समाजलाई विकृत तुल्याउँने काम गर्दछ । साथै, यसले विकासका लागि लगानी र सहयोगको प्रभावकारीता कम गर्छ । युद्धका कारण र युद्ध अन्त्यपछि हुने मृत्यु र विनाशले प्रतिवर्ष कुल ग्रार्हस्थ उत्पादनमा समेत दुई प्रतिशतभन्दा बढी असर पार्छ । राजनीतिक र आपराधिक हिंसाले हाल विश्वव्यापी रूपमा प्रतिवर्ष ९५ अर्ब अमेरिकी डलर भार बढाएको छ, यो रकम बढ्दै करिब एक खर्ब ६३ अर्ब पुग्ने अनुमान गरिएको छ ।

सशस्त्र हिंसाको अनुसन्धान गर्न र तथ्यांक संकलन गर्न कठिनाइ हुनुका साथै भएको तथ्यांक पनि विवादास्पद हुन्छ । कयौं समूहका मानिस सशस्त्र हिंसाको तथ्यांक संकलन र सन्तुलित विश्लेषण गर्न तदारुकता देखाउँदैनन् । यससम्बन्धी जटिल पक्ष के पनि छ भने, हिंसा आफैमा राजनीतिक उद्देश्यका लागि नगरिएको पनि हुनसक्छ तर यसले राजनीतिमा प्रभाव चाहिं पार्छ नै । हिंसाका घटना भएपछि विभिन्न राजनीतिक समूहले आ-आफ्नै अनुकूलता हेरी त्यसको व्याख्या गर्ने गर्दछन् । त्यसैले पनि विनाशकारी हतियार र यसको प्रयोगका सम्बन्धमा प्रष्ट दृश्य र परिमाण बाहिर आउँदैन ।

सशस्त्र हिंसाको न्यूनीकरणका लागि यस सम्बन्धमा व्यावहारिक तथा विश्वसनीय विश्लेषण हुनु आवश्यक छ, यसका लागि भरपर्दो सूचना अनिवार्य हुन आउँछ । हिंसाका कारण र असरका बारेमा विश्लेषण नगरी निर्णय लिन मिल्दैन । विश्वव्यापी सशस्त्र हिंसाको

उद्देश्य, तह र असरको विस्तृत खाका सशस्त्र हिंसाको विश्वव्यापी असर (ग्लोबल बर्डन अफ आर्मड भायलेन्स) ले प्रस्तुत गरेको छ। ग्लोबल बर्डन अफ आर्मड भायलेन्सले सशस्त्र हिंसा र विकासका सम्बन्धमा जेनेभा घोषणाको कार्यान्वयनलाई जोड दिएको छ।

## सशस्त्र हिंसाका आयाम

यस प्रतिवेदनको उद्देश्यका लागि सशस्त्र हिंसा भन्नाले

> **सशस्त्र हिंसा भन्नाले जानीजानी अवैधानिक बल (हतियार तथा विस्फोट) द्वारा व्यक्ति, समूह, समुदाय र राज्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले धम्क्याउने, व्यक्ति केन्द्रीत सुरक्षामा खलल पुर्‍याउने र दिगो विकासमा असर पार्ने कार्यलाई बुझ्नुपर्दछ।**

यस परिभाषाले हिंसालाई व्यापक अर्थमा लिएको छ। द्वन्द्व, युद्ध, सामूहिक अपराध, आर्थिक प्रलोभन, शक्तिका लागि गरिने हिंसा र राजनीतिक तवरले गरिने हिंसा सबै सशस्त्र हिंसाका आयामहरू हुन्। व्यक्तिगत रिसिवी साध्ने कार्यलाई पनि हिंसाको स्वरूपमा लिनुपर्दछ, लैङ्गिक हिंसा स्वतः यसभित्र पर्दछ।[३]

यस प्रतिवेदनले गम्भीर परिणामका केही अन्तरक्षेत्रीय र अन्तर्राष्ट्रिय सशस्त्र हिंसाको तुलना गर्दछ जस्तै प्रत्यक्ष द्वन्द्वबाट मृत्यु, अप्रत्यक्ष द्वन्द्वबाट मृत्यु, द्वन्द्व अन्त्यपछि हुने मृत्यु, अन्य कारणबाट हुने मृत्यु जस्तै हत्या, विस्थापन, अपहरण र आफ्नै सहकर्मीद्वारा गरिने हत्याआदि। यस्ता प्रकारका सशस्त्र हिंसाका बारेमा यस प्रतिवेदनमा व्याख्या गरिएको छ जुन महत्वपूर्ण सूचक मानिन्छन्, यसले विश्वव्यापी रूपमा हुने सशस्त्र हिंसा बुझ्ने महत्वपूर्ण आधार तय गर्नुका साथै अन्य कम महत्वपूर्ण सशस्त्र हिंसालाई पनि खोतल्ने प्रयत्न गरेको छ।

प्रतिवेदनलाई विभिन्न शीर्षकमा छुट्याइएको छ जसमा महिलाविरुद्ध हुने हिंसा जो सामान्यतः प्रष्ट देखापर्दैन, लाई पनि स्थान दिइएको छ। सशस्त्र हिंसाको एक प्रभावशाली पक्षका रुपमा रहेको लैङ्गिक आयामलाई पनि समेटिएको छ। सशस्त्र हिंसाद्वारा सबैभन्दा बढी पीडित र पीडक प्रायः पुरुष नै रहने गरेका छन्। महिला सम्बन्धी हिंसाको अभिलेखिकरण गरिएको भएतापनि लङ्गिकता सम्बन्धी हिंसाबारे वृहत् विश्लेषण गर्न जरुरी छ।

प्रतिवेदनको मुख्य अंश :

- हालका दिनहरूमा प्रतिवर्ष सशस्त्र हिंसाबाट (द्वन्द्व र अपराध दुवै) प्रत्यक्ष-अप्रत्यक्ष रूपमा ७ लाख ४० हजार भन्दा बढी मानिसको मृत्यु भैरहेको छ।
- ७ लाख ४० हजारमध्ये ५ लाख ४० हजारभन्दा बढी मृत्यु हिंसाग्रस्त क्षेत्रभन्दा बाहिर भएका छन्।
- करिब २ लाखजति मानिस द्वन्द्वको असरबाट सृजित कुपोषण, आउँ र सजिलै निराकरण गर्न सकिने रोगका कारण मृत्युको मुखमा परेका छन्।
- वि.स. २०६१ देखि २०६४ को बीचमा मात्र करिब २ लाख ८ हजार ३ सय मानिसको सशस्त्र द्वन्द्वका कारण मृत्यु भएको छ। यो संख्या प्रतिवर्ष औशत ५२ हजार हुन आउँछ। यो प्रष्ट अभिलेखमा आएको संख्या मात्र हो, तर वास्तविक संख्या योभन्दा अझ बढी छ।
- सशस्त्र हिंसाबाट मृत्यु भएकाहरूले गर्ने उत्पादनलाई आधार मान्ने हो भने विश्वव्यापी रूपमा प्रतिवर्ष ९५ अर्ब अमेरिकी डलर बराबरको नोक्सान हुन आउँछ र आगामी दिनमा एक सय ६३ अर्ब नोक्सानी हुने देखिन्छ, जुन विश्वव्यापी कुल ग्रार्हस्थ उत्पादनको ०.१४ प्रतिशत हुन्छ।

माथि उल्लिखित तथ्याङ्कले विश्वमा आज युद्धका कारण जति मानिस मरिरहेका छन्, त्योभन्दा बढी परिमाणमा हिंसाका कारण मृत्यु भैरहेको छ भन्ने यथार्थ खुलासा गर्दछ। द्वन्द्व नभएको समाजमा हिंसाका कारण हुने मृत्यु र सशस्त्र द्वन्द्व भएको समाजमा अन्य कारणबाट हुने मृत्युको परिमाण युद्धबाट मारिनेको


संख्यासँग तुलना गरेर हेर्दा यही तथ्य पुष्टि हुन आउँछ। द्वन्द्व नभएको समाजमा भएको हिंसाका घटना र सशस्त्र द्वन्द्वको समयमा हुने अप्रत्यक्ष मृत्युले विश्वलाई बढी आर्थिक भार दिएको देखिन्छ।

विश्वव्यापी रूपमा के-कस्ता किसिमका हिंसाका कारण व्यक्तिको मृत्यु हुनेगरेको छ भन्ने तथ्यलाई यहाँ प्रस्तुत चित्रले देखाएको छ। सानो हरियो घेराले द्वन्द्वका समयमा हिंसाका कारण मृत्यु भएका सर्वसाधारण नागरिक र विद्रोहीको संख्या देखाउँछ, जुन विश्वव्यापी रूपमा हिंसाका कारण मृत्यु हुने संख्याको करिव ७ प्रतिशत हुन्छ। ठूलो निलो घेराले द्वन्द्वग्रस्त समाजमा अन्य हिंसाका कारण मृत्यु भएका मानिसको संख्या देखाउँछ, जुन विश्वव्यापी रूपमा हिंसाका कारण मृत्यु हुनेको करिव २७ प्रतिशत हुन आउँछ। र, द्वन्द्व नभएको समाजमा हुने हिंसाका कारण प्रतिवर्ष ४ लाख ९० हजारको मृत्यु भैरहेको छ जुन विश्वव्यापी रूपमा हिंसाका कारण मृत्यु हुनेको करिव ६६ प्रतिशत हुन्छ।[४] यी तथ्यांक बाहेक सशस्त्र हिंसाका कारण शारीरिक तथा मानसिक रूपमा पीडित हुनेको संख्या उल्लेख गरिएको छैन।

परम्परागत रूपमा सशस्त्र हिंसालाई छुट्टै दृष्टिकोणले हेरिन्छ र यसलाई भिन्न अभिव्यक्ति दिइन्छ। यसका कारण र आयामहरू नै फरक हुनपुग्छन्। सशस्त्र हिंसाको परिवर्तित स्वरूप आर्थिक पक्षले अभिप्रेरित भएको छ। युद्ध, राजनीति तथा गैरराजनीतिक तरिकाले गरिने हिंसा, अन्तर्राष्ट्रिय आपराधिक समूहको वृद्धि, सशस्त्र विद्रोही समूहको वृद्धि, द्वन्द्वको समाप्तिपछि लामो समयसम्म बढ्ने असुरक्षा साथै अन्य प्रारूपका हिंसा जसलाई व्यावहारिक रूपमा छुट्याउन र विश्लेषण गर्न असम्भव छ, हिंसाका आयामका रुपमा रहेका छन्। मान्यताका आधारमा सशस्त्र हिंसालाई परम्परागत र आधुनिक दृष्टिकोणले हेर्ने गरिन्छ।

सशस्त्र हिंसाका यी विभिन्न प्रारूपलाई भिन्न-भिन्न तरिकाले व्याख्या गर्ने प्रयास गर्ने हो भने यसबारे बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यतालाई विस्तृत् रुपले अध्ययन गर्नुपर्ने हुन्छ। हिंसा रोकथाम र

**चित्र १** मृत्युको प्रकार





न्यूनीकरणको विकासलाई विश्लेषण गर्नुपर्दछ। *ग्लोबल बर्डेन अफ आर्मड भायलेन्स*को एउटा उद्देश्य सशस्त्र हिंसाले मानव, समाज र आर्थिक विकासमा पर्ने नकारात्मक असरलाई राम्ररी बुझ्नु हो। सशस्त्र हिंसासम्बन्धी विभिन्न घोषणापत्रको कुनै एउटा पक्षमा मात्र केन्द्रित हुनुभन्दा यसका विविध पक्षमा ध्यान दिनु महत्वपूर्ण हुनआउँछ।

प्रतिवेदनले सशस्त्र हिंसाका विभिन्न प्रारूपका साथै भौगोलिक विभाजनलाई पनि समेटेको छ। द्वन्द्वका कारण २०६२ सालपछि मृत्युका घटना बढेका छन् र भौगोलिक रूपमा केन्द्रीकृत पनि छन्। अभिलेखमा आएका मृत्युका घटना मध्य तीन चौथाई भाग केवल १० मुलुकमा भएका छन्। अफगानिस्तान, इराक, पाकिस्तान, सोमालिया र श्रीलंकामा २०६४ सालमा सशस्त्र द्वन्द्व अन्त्य भएपछिको अवस्थामा मृत्यु हुनेको संख्या घटेको छ। प्रत्यक्ष द्वन्द्वका समयमा मृत्यु हुनेहरूको संख्यामा पनि दुई तिहाईले कमी आएको छ। यी देशहरूमा हाल तुलनात्मक रुपमा सीमित क्षेत्र, निश्चित नगरपालिका तथा क्षेत्रमा मात्र सशस्त्र हिंसा कायम छ।

द्वन्द्वकालीन हिंसा र त्यसबाट भएको मृत्युका घटनालाई अभिलेखीकरणको आधार मा अन्तराष्ट्रिय समुदायले चासो दिएर हेर्न गर्दछन् तर अधिलेखीकरणमा नपरेका घटनाको संख्या पनि ठूलो हुनसक्छ जसमा अन्तराष्ट्रिय समुदायको ध्यान जादैन । घटनाका तथ्यङ्कले युद्धको मात्रा र समयानुसार भएको युद्धको उत्पत्तिको कारण बुझ्न नीति-निर्माता तथा विश्लेषकलाई सहयोग पुऱ्याउँछ । सशस्त्र हिंसा प्रभावित क्षेत्रमा हालका दिनहरूमा प्रतिवर्ष औशत दुई लाख मानिस अप्रत्यक्ष हिंसाका कारण मारिने गरेको अनुमान गरिएको छ । दुई लाख मध्ये सबैभन्दा बढी महिला, बालबालिका र सामान्य रोग र सरुवा रोगका कारण अस्वस्थ मानिस पर्दछन् । युद्धको समयमा र युद्धपछि तत्कालै मारिने व्यक्तिहरूको संख्या अभिलेखीकरण भएपनि कतिपय मृत्युको संख्या ओझेलमा परेको हुन्छ । अप्रत्यक्ष मृत्यु हुने र युद्ध पीडितको अभिलेखीकरण नहुने सम्भावनालाई ख्याल गरिनुपर्छ । हिंसाको कारण मृत्यु हुनेको संख्याभन्दा सशस्त्र हिंसाले पीडित बनेकाहरूको संख्या बढी देखिन्छ । अप्रत्यक्ष रूपमा मृत्यु हुनेको संख्या युद्धको मात्रा र अवधि, आधारभूत सेवा-सुविधा र मानवीय सहायतामा भर पर्छ ।

**चित्र ४.१** प्रति १,००,००० मा हत्याको दर, २००४




**द्रष्टव्य**: चित्रमा प्रस्तुत सिमाना तथा रंगले कुनै कुराको अनुमोदन वा स्वीकृति गर्दैन ।
**स्रोत**: राष्ट्रसंघस्थित लागू औषध तथा अपराध कार्यालय (युएनओडिसी) ।

प्रतिवेदनमा अप्रत्यक्ष मृत्युका बारेमा जानकारी गराउँन भिन्न शीर्षक दिइएको छ । यसमा युद्धमा मारिएका मानिस र द्वन्द्वको समयमा अप्रत्यक्ष रूपमा मारिएका मानिसको अनुपात दिइएको छ । अध्ययनअनुसार हिंसाको कारण मृत्यु हुनेभन्दा अप्रत्यक्ष रूपमा (अन्य कारणले) मृत्यु हुनेको संख्या तीनदेखि १५ गुणाले बढी छ । २०५९ देखि अप्रत्यक्ष हिंसाका कारण गणतान्त्रिक कंगोमा प्रतिवर्ष करिब चार लाखभन्दा बढी मानिसको मृत्यु भएको अनुमान गरिएको छ । परिणामस्वरूप यस प्रतिवेदनले अप्रत्यक्ष हिंसाका कारण प्रतिवर्ष औशत दुई लाख मानिसको मृत्यु हुने अनुमान गरेको छ ।

यस प्रतिवेदनले देखाएअनुसार युद्धको समाप्तिपछि पनि सशस्त्र हिंसाका घटनामा नाटकिय ढङ्गले कमी आएको पाइँदैन । कुनै-कुनै समाजमा युद्धपछिको समयमा सशस्त्र हिंसाको दर युद्धको समयमा भन्दा पनि बढेर गएको पाइन्छ । यस प्रकारको हिंसाले पुनः द्वन्द्वमा फर्कन सक्ने सम्भावना २० देखि २५ प्रतिशत देखाउँछ । त्यस्ता देशहरूमा बढी मात्रामा युवाहरू पीडित (६० प्रतिशतभन्दा बढी) हुनाको साथै बेरोजगारी, बाध्यकारी विस्थापनको अभाव, युद्ध खतरा पुनरागमनको सम्भावना अत्यधिक रहन्छ ।

प्रायः युद्ध नभएको अवस्थामा हिंसाका कारण हुने मृत्युमा, साना-ठूला आपराधिक अथवा राजनीतिक हिसाबले हुने सशस्त्र हिंसा प्रमुख कारण छन् । २०६१ सालमा भएको हत्या मात्र चार लाख ९० हजारभन्दा बढी छ । यो संख्या द्वन्द्वका कारण प्रत्यक्ष वा अप्रत्यक्ष हुने मृत्युभन्दा दुई गुणाले बढी हो । प्रतिदिन विश्वव्यापी रूपमा भएका हिंसाका कारण जति मानिस मरिरहेका छन्, त्यो संख्या सशस्त्र द्वन्द्वबाट मारिएका मानिसको भन्दा बढी छ । चौथो अध्यायको तस्वीर ४.१ ले एक लाखमा कति मानिस द्वन्द्वको समयमा हिंसाका कारण मर्नेगर्दछन् भन्ने तथ्याङ्क प्रस्तुत गरेको छ, यसबाट द्वन्द्व भएको र नभएको बेला हुने सशस्त्र हिंसा पनि देखिन्छ ।

द्वन्द्व नभएको समयमा हुने सशस्त्र हिंसामा भौगोलिक र जनसंख्याको पाटो महत्वपूर्ण मानिन्छ । अफ्रिका



**तस्वीर**▲एक प्रहरी गोली हा( नाहान भैरहेका बेला तिजुआना, मेक्सिकोमा बालकलाई सुरक्षित क्षेत्रतर्फ लैजादै, वि.सं. २०६५
© जर्ज डुएन्स/रोयटर

उपमहाद्वीप र मध्य तथा दक्षिण अमेरिकामा प्रतिवर्ष प्रति १ लाख मानिसमध्ये २० जनाभन्दा बढी सशस्त्र हिंसाको शिकार भएका छन् । विश्वका औ शत मुलुकहरूमा सोही सशस्त्र हिंसाका कारण प्रतिवर्ष प्रति १ लाख मानिसमध्ये औशत ७.६ जना हिंसाबाट पीडित छन् । प्रहरीको तथ्याङ्कअनुसार दक्षिण अफ्रिकी, मध्य तथा दक्षिण अमेरिकी देशहरू कोलम्बिया, एलसाल्भाडोर, ग्वाटेमाला, जमैका, दक्षिण अफ्रिका र भेनेजुयला समेतमा हिंसाका कारण मृत्यु हुनेको संख्या प्रति १ लाखमा ३७ (भेनेजुयला) देखि ५९ (एलसाल्भाडोर) छ ।[५]

हत्या भएका ६० प्रतिशतभन्दा बढी घटना बन्दुकको प्रयोगका कारण भएका छन् जसमध्ये ७७ प्रतिशतभन्दा

बढी मध्य-अमेरिका र १९ प्रतिशतभन्दा कम पश्चिमी युरोपका देश छन् । सशस्त्र हिंसामा सबैभन्दा बढी पुरुष पीडित भए पनि क्षेत्रअनुसार महिलाको मृत्यु दर फरक छ । करिब १० प्रतिशत महिला द्वन्द्वग्रस्त मुलुकमा हिंसाको शिकार भएका छन् भने द्वन्द्व नभएको देशमा यसको प्रतिशत ३० को हाराहारीमा छ । प्रतिवेदनले निकटको नातेदारले गरेको हिंसाका कारण मृत्युको संख्या बढ्ने वा घट्ने अवस्था देखाएको छैन, सशस्त्र द्वन्द्व र यस प्रकारका हत्या बिच सापेक्षता पाईदैन ।

सशस्त्र हिंसाका अन्य स्वरुप पनि छन्, तर ती तुलनात्मक रुपले सहज ढङ्गले देखिने अवस्थामा हुदैनन् । यद्यपि ती सबै विश्वव्यापी चुनौती र असुरक्षाका कारण बनेका छन् । एक थरी घटना वास्तविक हुन्छन् भने अर्काथरी समाजका सदस्यले अनुमान गरेका वा मानेका घटना हुन्छन् यसरी मानेका घटना यथार्थ नहुन पनि सक्छन् । कतिपय मुलुकमा सरकार नै दोषी भएका कारण मुद्दा खेपीरहेको अवस्था पनि छ । ३० भन्दा बढी देशमा गैरन्यायिक तरिकाले भएका ५० भन्दा बढी हत्या दर्ता गरिएका छन् । एक दर्जनभन्दा बढी देशमा पटक-पटक जवरजस्ती विस्थापनका घटना भएका छन् र अन्य २० मुलुकमा यदाकदा यही अवस्था दोहोरिने गरेको छ । २०६४ सालमा दक्षिण अमेरिका, एसिया, अफ्रिका र मध्यपूर्वमा करिव १४२५ वटा घटना फिरौतीका लागि गरिएका अपहरणसँग सम्बन्धित छन् ।

सशस्त्र हिंसाले विभिन्न चरणमा समाजलाई प्रभाव पार्छ, यसका असरहरू अन्तरसम्बन्धित हुँदै वृहद् क्षेत्रसम्म विस्तार भएका हुन्छन् । यसले मानव विकास र भौतिक सम्पत्ति विनाश गर्छ, अवसरबाट वञ्चित पार्छ र विपन्नतातिर धकेल्छ । यसको असर खासगरी गरिब तथा नाजुक परिस्थितिमा रहेका नागरिकलाई बढी पर्ने गर्दछ । द्वन्द्वात्मक अथवा द्वन्द्वरहित सशस्त्र हिंसाको मूल्य समाजको थाप्लोमा बज्रिन्छ, विकासमा प्रतिकूल असर पर्दछ । विश्वका नागरिकमा पर्ने यसको प्रभावलाई परोक्ष तर वास्तविक अवधारणाअनुसार मूल्याङ्कन गरेर हेर्दा प्रतिव्यक्ति औशत अमेरिकी डलर ७० अथवा जम्मा अंक ४ खर्ब हुन आउँछ ।


**तस्वीर**▼बगदादको क्याम्पसरा जिल्लामा कार बम विस्फोटन भएको ठाउँ हेर्दै नागरिकहरु, २०६५ ।
मोइजेज समान/पानस पिक्चर्स



## सशस्त्र हिंसाको रोकथाम र न्यूनीकरण

सशस्त्र हिंसा रोक्न सकिन्छ । यसका साथै द्वन्द्व सुरुहुन अघिनै हस्तक्षेपको निती अंगीकार गर्न सकिन्छ । जीवन रक्षाका उपायहरू अबलम्बन गरी सशस्त्र हिंसाको भार कम बनाउँन मिल्छ । अध्याय ५ मा प्रस्तुत गरिएअनुसार (नक्सा ५.१) मध्य तथा दक्षिण अमेरिकी देशमा जीवन-रक्षाको उपाय अवलम्बन गर्दा पुरुषको औशत आयु १ वर्ष बढेको देखिन्छ । विश्व स्वास्थ्य संगठन (विसं २०६५ ए) का अनुसार यस प्रतिवेदनले सशस्त्र हिंसा कम गर्ने निश्चित उपाय अवलम्बन गरेको छैन तर यसले सशस्त्र हिंसाको रोकथाम तथा न्यूनीकरण गर्ने प्रवेष विन्दु बनाएको छ । हालैको तथ्याङ्क र विश्लेषणलाई आधार मान्दा सशस्त्र हिंसालाई बेलैमा सम्बोधन गर्ने हो भने त्यसले विकास र आर्थिक वृद्धिमा अनुकूल प्रभाव पार्ने देखिन्छ । प्रतिवे

**चित्र ५.१** द्वन्द्वरहित सशस्त्र हिंसा नभएको समयमा व्यक्तिको जीवित रहने सम्भावना, मुलुकको स्थिति २०६१




**स्रोत**ः सेराक

दनले अन्तर्राष्ट्रिय सहयोगदाता, सरकारी अधिकारी र आमजनताका प्रतिनिधिलाई मानव तथा समाजको सुरक्षाका लागि अत्यावश्यक स्रोत जुटाउन दिशानिर्देश गरेकोछ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले सशस्त्र हिंसाका सम्बन्धमा नियमित अनुगमन गर्नु आवश्यक छ । सशस्त्र हिंसाका असर पहिचान गर्न वस्तुवादी परिसूचकलाई आधार मान्नुपर्छ । अनुगमन संरचना बनाउँन पर्याप्त लगानी गर्नुपर्छ । खासगरी आकस्मिक जोखिम अनुगमन गर्न बढी सतर्कताको आवश्यकता पर्दछ । सामाजिक आवश्यकता र जनस्वास्थ्यमा केन्द्रित हुँदै अनुगमन गर्नुपर्छ । असुरक्षाको अनुगमन गर्नु मात्र पर्याप्त हुँदैन, हिंसा रोकथाम तथा न्यूनीकरण गर्ने कार्यक्रम पनि तय गर्नुपर्छ । सशस्त्र हिंसा अन्त्य गर्ने सही योजना तर्जुमा गर्न, प्राथमिकताका क्षेत्र पहिल्याउन, कार्यक्रम मूल्याङ्कन तथा जीवनरक्षा गर्न प्रथम चरणमा अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको तथ्याङ्क संकलन गर्ने तथा अनुगमन गर्ने कार्य हुनु आवश्यक छ ।

सशस्त्र हिंसाको रोकथाम तथा न्यूनीकरण गर्नु भनेको जनताको क्षमता अभिवृद्धिमा सघाउनु हो जसमा योजना तर्जुमा, कार्यान्वयन र मध्यस्थता प्रक्रिया

अनुगमन पर्दछन् । यी चरणहरू सहभागितामूलक ढंगले पूरा गर्नुपर्दछ । यसका लागि अनुसन्धान पद्धतिको विकास गरी स्थानीय अवस्था र अभिरुचिलाई गहन तरिकाले बुझ्नु आवश्यक हुन्छ । सशस्त्र हिंसा धेरै कारणले हुनसक्ने भएकोले सहज तरिकाले यसको पहिचान गर्न सकिन्न । अन्ततः यसले मानवता र विकासका लागि कार्य गर्ने व्यक्तिको आत्मसुरक्षाको माग गर्छ । कयौं मानिस आफ्नो कर्तव्य निर्वाह गर्दागर्दै मारिएका छन् । यहाँ प्रस्तुत प्रतिवेदनअनुसार मानवताको रक्षाका लागि जोखिम उठाउँने क्रममा प्रति १ लाखमा करिव ६० जनाले ज्यान गुमाएका छन् । अन्तर्राष्ट्रिय मिसनमा रहि सहयोग गने व्यक्तिहरूले समेत अडा जोखिमको समना गर्नु परे को छ ।

अन्तर्राष्ट्रिय सशस्त्र हिंसाको रोकथाम र न्यूनीकरण प्रावधान कार्यान्वयनका लागि ग्लोबल बर्डेन अफ आर्मड भायलेन्सको तथ्याङ्कले पहिलो खुट्किलोको काम गर्दछ । यस तथ्याङ्कले को-को जोखिममा छन्, सशस्त्र हिंसाको प्रारूप कस्तो छ, हिंसा कसले गरेको हो र कुन अवस्थामा गरेको हो भन्ने तथ्यलाई महत्वका साथ उठाएको छ । यसले हिंसाको न्यूनीकरण गरी विश्वव्यापी मानव सुरक्षाको स्थिति सुधार गर्न भूमिका खेलेको छ ।

## सन्दर्भ टिपोट,

१) यी तथ्याङ्कहरू विश्व स्वास्थ संगठनको 'मृत्युको विश्वव्यापी बोझ' मा आधारित छन्, व्यक्तिगत हिंसा तथा युद्धको समयमा भएको मृत्युलाई समेत अभिलेखमा लिइएको छ । विश्वमा मानिसहरूको मृत्यु हुने कारणमध्ये सशस्त्र हिंसा १८ नम्बरमा पर्दछ ।

२) विश्व स्वास्थ्य संगठनका अनुसार हिंसाका कारण मृत्यु भएका मानिसभन्दा हिंसाबाट घाइते भएका करिव १० गुणा बढी छन् ।

३) यस हिंसामा आत्महत्या समावेश गरिएको छैन । विश्व स्वास्थ्य संगठन (२०६५ ए) का अनुसार द्वन्द्व अथवा हत्याको तुलनामा आत्महत्याका कारण धेरै मानिसको मृत्यु हुन्छ । अनुमानित १६ लाख मानिसको मृत्यु आत्महत्यासहितका हिंसाजन्य कारणबाट भैरहेको छ । यस परिभाषाले हिंसाका कारण हुने भौतिक हानीलाई मात्र समावेश गरेको छ जसमा संरचनागत, सांस्कृतिक र मानसिक हिंसालाई समावेश गरिएको छैन ।

४) रातो र हरियो घेरा खप्टिएको भागले हत्याका तथ्यांकमा द्वन्द्वरहित सशस्त्र हिंसा र द्वन्द्वयक्त हिंसाका कारण भएका मृत्युका संख्या दोहोरिन सक्ने सम्भावना देखाउँछ ।

५) प्रस्तुत तस्वीर भेनेजुयला, एलसाल्भाडोर, दक्षिण अफ्रिका, ग्वाटेमालाको प्रहरी तथ्याङ्कमा आधारित छन् । कृपया हेर्नुहोस्-